लेखापरीक्षण प्रतिवेदन

घिरिङ गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

घिरिङ गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/150

श्रीमान् अध्यक्षज्यू,
घिरिङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
तनहुँ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/150

श्री अध्यक्षज्यू ,

घिरिङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय

तनहुँ ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस घिरिङ गाउँपालिका आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. त्यस गाउँपालिकाको लेखापरीक्षणबाट रु. ९६ लाख १८ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ४ लाख ८३ हजार फस्र्यौट भई असुल गर्नुपर्ने रु ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४३ लाख १५ हजार, नियमित गर्नुपर्ने रु. ४२ लाख ३८ हजार र पेश्की बाँकी रु. ५ लाख गरी जम्मा रु. ९१ लाख ३४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १२ करोड ३० लाख १६ हजार बेरुजु बाँकी रहेको मध्ये रु. २ करोड ७१ लाख ९३ हजार फस्र्यौट भई यस बर्षको थपसमेत हालसम्मको अद्यावधिक बेरुजु रु. १० करोड ४९ लाख ५८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित् अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४३	३३	९६,१८,२८५	०	१५	४,८३,३८६	०	४३	१८	९१,३४,८९९	८१,२७०	४२,३८,१२१	४३,१५,५०८	०	०	८५,५३,६२९	५,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फर्स्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
तनहुँ	१२,३०,१६,९८६		२,७१,९३,१०४	९,५८,२३,८८२		९१,३४,८९९	१०,४९,५८,७८१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
			यस बर्षको प्रतिकृयावाट सम्परीक्षण भएको	
१	२०८१/८२		सहायक प्रशिक्षक भत्ता	१२,४९५
२	२०८१/८२		प्रमाण पेश	२,९५,५८१
३	२०८१/८२		प्रतिवेदन भत्ता	२,५५०
४	२०८१/८२		पेस्की बाँकी	१,००,०००
५	२०८१/८२		पदाधिकारी अनुगमन भत्ता	२३,८००

६	२०८१/८२		नर्म्सभन्दा बढी दरमा भुक्तानी	४८,९६०
			जम्मा	४,८३,३८६
			गत विगत आ.व.हरुको सम्परीक्षण	
७	२०८०/८१		सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापन :	५,६८,६५०
८	२०८०/८१		बढी भुक्तानी :	५२,३४०
९	२०८०/८१		प्रमाण बेगर परामर्शबाट कार्य :	१२,९१,५९०
१०	२०८०/८१		पाठ्यपुस्तकः	२,५१,८७२
११	२०८०/८१		कच्चावारी प्रमाणित नगरी भक्तानीः	१२,७०,९६०
१२	२०८०/८१		ईन्टरनेट जडान :	३,२४,०००
१३	२०८०/८१		अतरौली शित भण्डार भवन निर्माणः(NCB.)	४०,००,०००
१४	२०७९/८०		शिर्षक फरक	४,६०,३००
१५	२०७९/८०		विजुली महसुल	५५,५२८
१६	२०७९/८०		योजना अनुगमन	४०,०००
१७	२०७९/८०		परामर्श सेवा खरिद	६१,५५,४१९
१८	२०७९/८०		औषधी खरिद	१२,१३,०८४
१९	२०७८/७९		वढी भुक्तानीः	७०,०००
२०	२०७८/७९		तलव वढी भुक्तानीः	४०,९४६
२१	२०७८/७९		उपभोक्ता समितीवाट खरिदः	१३,००,०००
२२	२०७७/७८		स्विकृत दरवन्दी वेगर करार सेवाः	१,१७,८६६
२३	२०७७/७८		शिर्षक फरक पारी खर्चः	२०,१६,१७४
२४	२०७७/७८		कार्यविधि भन्दा बढि कन्टिन्जेन्सि खर्च	१,८७,५४४
२५	२०७६।७७		अनियमित भएको	७७,७६,८३१
			जम्मा	२,७१,९३,१०४
कुल जम्मा				२,७६,७६,४९०

घिरिङ गाउँपालिका, तनहुँ

(८०४३८५०३३००)

घिरिङ गाउँपालिका , तनहुँ

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल १२६ वर्ग किलोमिटर तथा १४ हजार ३३४ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।२३ देखि २०८२।८।२५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार, आय-व्ययको गरी जम्मा रु.९४,४३,९३,८२८।२१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **एकीकृत आय-व्यय**

पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

सि नं	आय तर्फ		व्यय तर्फ	
	विवरण	रकम	विवरण	रकम
१	गत बर्षको जिम्मेवारी	२७०१५३८५.९५	चालु खर्च	२४२६६००९९.२०
	क. सञ्चित कोष	१२७२८१४६.६५	क. घिरिङ गा.पा. चालु	८८५५१७६४.९१
	ख. विपद व्यवस्थापन कोष	३३५२९२०.३३	ख. सशर्त अनुदान चालु	१५४१०८३३४.३३
	ग. धरौटी सुरु मौज्दात	१०९३४३१८.९७	पुँजीगत खर्च	१०१६३७००७.००
२	राजश्व (आन्तरिक आय)	८७१३०९२४.१०	क. घिरिङ गा.पा. पूँजिगत	६०८१३५१५.००
	क.आन्तरिक राजश्व	४३५८४५६.५०	ख.सं.स.ह.का. सशर्त अ. पूँजिगत	१००००००.००
	ख. राजश्व बाँडफाँड (संघिय सरकार)	७७१४९७३२.२६	ग. सं.स.ह.का. समपूरक अ. पूँजिगत	२५२७२३४४.००
	ग. राजश्व बाँडफाँड (प्रदेश सरकार)	५२३५८१५.८१	घ. प्र.स.ह.का. विशेष अ. पूँजिगत	३९०८३५९.००
	घ. राजश्व बाँडफाँड (स्थानिय सरकार)	०.००	ङ. प्र.स.ह.का. समपूरक अ. पूँजिगत	१०६४२७८९.००
	ङ. घरजग्गा रजिष्ट्रेशन दस्तुर	३८६९१९.५३	अन्तरसरकारी अख्तियारी	९७५००२५८.४९
३	वित्तीय हस्तानान्तरण (संघ)	२६७८१०९८८.६०	सामाजिक सुरक्षा खर्च	९७५००२५८.४९
	क. बित्तिय समानिकरण अनुदान	७७१७०१६०.००	धरौटी फिर्ता	३५३२८४२.००
	ख. शशर्त अनुदान	१७१५६३५२८.६०	शशर्त अनुदान फिर्ता	१७७०३०६४.२७
	ग. समपुरक अनुदान	१९०७७३००.००	संघ सरकार सशर्त अनुदान	१६४५५१९४.२७
४	प्रदेश सरकारबाट प्राप्त अनुदान	२०५००००००.००	समपुरक संघ	९१३६९४.००
	क. वित्तिय समानिकरण अनुदान	१०५००००००.००	प्रदेश सरकार समपुरक	२४२५३५.००
	ख. समपुरक अनुदान	६०००००००.००	प्रदेश सरकार विशेष	९१६४१.००
	ग. विशेष अनुदान	४००००००.००	विपद व्यवस्थापन कोष खर्च	३१५५९३६.००
९	अन्तर सरकारी अख्तियारी	९७५००२५८.४९	बैंक मौज्दात	३९०३०८००.१४
	क. सामाजिक सुरक्षा	९७५००२५८.४९	क. संचित कोष खाता	२६६७३६७६.८४
१०	धरौटी आय	४७५८६६२.००	ख. विपद व्यवस्थापन कोष	१९६९८४.३३
११	अन्य प्राप्ति	५०३७८८.००	ग. धरौटी खाता	१२१६०१३८.९७
	जम्मा	५०५२२०००७.१४	जम्मा	५०५२२०००७.१४

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९,७५,००,२५८।४९ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

बजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको।

भ्रमण खर्च व्यवस्थापनतर्फ

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको।

खरिद व्यवस्थापनतर्फ

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको पूर्ण कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

शिक्षातर्फ

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको।

विविधतर्फ

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेस्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको
- निजी स्वामित्वमा रहेको जग्गामा सामुदायिक भवन, पार्किङ स्थल, निर्माण/स्तरोन्नतिमा नियन्त्रण नगरेको।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५ **बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु.५५ करोड

८ लाख १३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२६ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ४०.५७ प्रतिशत मात्रै खर्च भएको अवस्था छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

६ **वार्षिक खरिद योजना/ खरिद गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१०,११,३७,००७।- पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.सं.	मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्च प्रतिशत
१	आर्थिक विकास	१६९६४६४८	१४३१५२२६	४.१६
२	सामाजिक विकास	१९०२८५५००	१६६९४१७०२	४८.४९
३	पूर्वाधार विकास	२२८७५१०७५	८५४७१७१७	२४.८२
४	कार्यालय सञ्चालन तथा प्रशासनिक	११४४१२०००	७७१६९६२०	२२.४१
५	वित्तीय व्यवस्थापन र सुशासन	४०००००	३९८८४१	०.१२
	कुल जम्मा	५५०८१३२२३	३४४२९७१०६	१००.००

उपर्युक्त विवरण अनुसार पालिकाले गरेको कुल खर्चमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.४९ प्रतिशत र वित्तीय व्यवस्थापन र सुशासन क्षेत्रमा सबैभन्दा घटी ०.१२ प्रतिशत रहेको छ।

८ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च रु. हजारमा				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१०११३७	९९४१	८५७९	५३७१२	२८९०५	२३१३७
प्रतिशत	१००	९.८३	८.४८	५३.११	२८.५८	२२.८८

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१० करोड ११ लाख ३७ हजार पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.९९ लाख ४१ हजार (९.८३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.८५ लाख ७९ हजार (८.४८ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५ करोड ३७ लाख १२ हजार (५३.११ प्रतिशत) र चौथो त्रैमासिकमा रु.२ करोड ८९ लाख ५ हजार (२८.५८ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.२ करोड ३१ लाख ३७ हजार (२२.८८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत

कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

९ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १३५ योजनामा वजेट विनियोजन गरेको छ।

क्र.सं.	विवरण	योजनासंख्या	रकम
१	रु १ लाखभन्दा कमको योजना	३६	१८,२०,०००
२	रु एक लाखएक देखि पाँच लाख सम्मका योजना	८३	१,५४,३०,०००
३	रु ५ लाखदेखि १० लाख सम्मका योजना	७	४३,००,०००
४	दश लाखदेखि ५० लाख सम्मका योजना	५	१,१८,४१,०००
५	५० लाखभन्दा माथिका योजनाहरु	४	८,३६,१७,३१६
	जम्मा	**१३५**	**११,७०,०८,३१६**

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १२८ योजनामात्र कार्यान्वयन भई ७ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१० कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	१००००००	५८८९७३.७१	५८.८९
घरजग्गा वहाल कर	३०००००	१६४२८७.७१	५४.७६

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

११ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१३,९३,९९,५७६।३५ (दहत्तर बहत्तर बाहेक) प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.४२,९५,१०६।- अर्थात अनुमान भन्दा ९६.९२ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१२ अवण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष भैपरी पुँजीगत शीर्षकमा रु.३४,४०,२५९।– र भैपरी चालु शीर्षकमा रु.१०,००,०००।– समेत रु.४४,४०,२५९।- अबण्डा बजेट व्यवस्था गरी १२ योजना तथा अन्य विविध कार्यक्रममा रु.२९,५०,८८६।- खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

भौ. नं.	विवरण	खर्च
१७९	AMC वापतको रकम भुक्तानि	३९८८९०.
२५२	AMC वापतको रकम भुक्तानि	१४९३६३.
२५८	AMC वापतको रकम भुक्तानि	५६,५००.००
२५९	AMC वापतको रकम भुक्तानि	४९,७५२.००
५५९	विभिन्न समयमा बैठक भत्ता	१०,५५०.००
५६०	भ्रमण खर्च	७,६५०.००
६१२	सामाग्री खरिद	६५,५२३.००
६४९	AMC वापतको रकम भुक्तानि	७४,६६४.००
६५०	AMC वापतको रकम भुक्तानि	९८,९८८.००
६६१	सवारी साधनको मर्मत विल भुक्तानी	७०,४१५.००
६६९	मर्मत खर्च	१७,७०५.००
१६	वैकल्पिक बाटोनिर्माण	३४२८७०.
४४	प्राविधिक विललागत अनुमान मुल्याङ्कन कार्यपालिका निर्णय बमोजिमभुक्तानी	६०,०००.००
९८	प्राविधिक विललागत अनुमान मुल्याङ्कन कार्यपालिका निर्णय बमोजिमभुक्तानी	४२,९३९.००
१२०	प्राविधिक विललागत अनुमान मुल्याङ्कन कार्यपालिका निर्णय बमोजिमभुक्तानी	३५,०००.००
१३१	प्राविधिक विललागत अनुमानमुल्याङ्कन वडा सिफारिस अनुगमन प्रतिवेदनफोटाहरू बमोजिम भुक्तानी	२०००००.
१३४	कार्यपालिका निर्णय विल प्राविधिक विल बमोजिम भुक्तानि	३२,४५९.००
१५४	प्राविधिक विललागत अनुमान मुल्याङ्कन कार्यपालिका निर्णय बमोजिमभुक्तानी	९९,०००.००
१७१	विल स्वीकृत निवेदन प्राविधिक विल बमोजिम भुक्तानि	२८६९००.
१७६	सडक वोर्ड नेपाल अन्तर्गत सञ्चालित कार्यक्रमको विल भुक्तानी	२८११३८.
१९०	प्राविधिक विल लागत अनुमानमुल्याङ्कन कार्यसम्पन्न वडा सिफारिसअनुगमन प्रतिबेदन बमोजिम भुक्तानी	४०००००.
१९१	प्राविधिक विल लागत अनुमानमुल्याङ्कन कार्यसम्पन्न वडा सिफारिसअनुगमन प्रतिबेदन बमोजिम भुक्तानी	१९६०००.

१३ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत

स्वास्थ्य तर्फ ८ कर्मचारीको रु.१ करोड २१ लाख ३८ हजार र पालिकाका चालुतर्फ १७ कर्मचारीको रु.१ करोड १ लाख २७ हजार गरी रु.२ करोड २२ लाख ६५ हजार खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१४ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१५ **पदाधिकारी सुविधा**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था गरेको छ। यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा २९ जना पदाधिकारीहरूलाई पदाधिकारी सुविधामा रु.६९,२४,०००।- हजार, पदाधिकारी बैठक भत्तामा रु.३,०५,१५०।– र दैनिक भ्रमण भत्तामा रु.१,८२,९००।- समेत रु.७४,१२,०५०।- खर्च लेखी भुक्तानी गरेको विवरण प्राप्त भएको छ जुन आन्तरिक आय रु.४२,९५,१०६।- को १७२.५७ प्रतिशत रहेको छ। कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ।

१६ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट रु.२० लाख खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ। त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

१८ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ४६३, मृत्यु दर्ता १८१ वटा, नाता प्रमाणित १३५ वटा, घरवाटो शिफारिश २२४ वटा, नागरीकता सिफारिस ५७६ वटा, चार किल्ला सिफारिस ७५ वटा, विवाह दर्ता २२९ वटा, बसार्इसरार्इ जाने ३२५ वटा, बसार्इसरार्इ आउने २७ वटा, सम्बन्ध विच्छेद ५२ वटा, र अन्य २६७० वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको छ। यसलार्इ अझ व्यवस्थित गर्नको लागि ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।

१९ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले हालसम्म

२१ वटा ऐन, ८ वटा नियमावली, ३७ कार्यविधि, ३ निर्देशका लगायत ६९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

२० न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी रहेको र यो बर्ष १३ मुद्दा दर्ता भएकोमा ५ वटा फर्स्यौट भएको ४ वटा फर्स्यौट हुन बाँकी रहेको,तामेलिमा रहेको २ र मिलापत्र हुन नसकेर माथिल्लो निकायमा पठाएको संख्या २ देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगानुपर्दछ।

२१ सहकारी नियमन

सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सबै विवरण अद्यावधिक गर्न बाँकी देखियो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

२२ सहकारी बचत तथा कर्जा सुरक्षण कोष

सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरुको सहभागितामा संस्था हरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाभित्रका सहकारीहरुको सहभागितामा सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गरि नागरिकहरुको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरी कार्य गरेको पाईएन। तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वियनमा ल्याउनुपर्दछ।

२३ पेस्की बाँकी

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

२४ परामर्श खर्च

कार्यालयले यस वर्ष निम्नबमोजिम कार्य परामर्शदाताबाट खरिद गरी रु.४४,२०,४४७।– खर्च लेखेको छ।

सि नं	योजना/कामको बिबरण	निर्माण व्यवसायी/आपुर्तिकर्ता/सेवा प्रदायक	लागत अनुमान	भुक्तानी रकम	घटी प्रतिशत
१	कालिगण्डकी घाट IEE	स्किल नोक्स प्रा लि	९९८४६५	९९३८३५	०.४६
२	MTEF(मध्यकालीन खर्च संरचना)	अल्फाबेटा इन्जिनियरिङ प्रालि, ललितपुर	४९९१४२	४९६५२२	०.५२
३	आवाधिक योजना	फोर जी इन्जिनियरिङ सोलुसन प्रा.लि. काठमाडौं।	९९९३७२	९८७६२०	१.१८
४	mtmp(यातायात गुरुयोजना)	सफ्टवेयर हब नेपाल प्रा.लि., ललितपुर	१९६९१६५	१९४२४७०	१.३६
		जम्मा	**४४६६१४४**	**४४२०४४७**	

यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन्:

२४.१

न्यून प्रतिस्पर्धाः सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक खरिद प्रक्रियालाई खुल्ला, पारदर्शी, प्रतिस्पर्धी, मितव्ययी र विश्वसनीय बनाउनुपर्ने उल्लेख छ। कार्यालयले उपरोक्तानुसार परामर्श सेवा खरिद गर्दा लागत अनुमानको तुलनामा ०.४६ देखि १.३६ प्रतिशत घटीमा खरिद गरेको छ।

२४.२ **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्यक्षेत्र शर्त, सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा नमुनाका रुपमा गाउँपालिकाको यातायात गुरुयोजना निर्माणको लागि परामर्शदाता सफ्टवेयर हव नेपाल प्रा.लि. ललितपुरलाई रु.१९,४२,४७०।- भुक्तानी दिएको खर्च परीक्षण गरिएकोमा लागत अनुमानमा उक्त कार्यका लागि टिम लिडरलाई ६० दिन, सिभिल इन्जिनियर ५२ दिन, सामाजिक अर्थशास्त्री ४५ दिन, जि.आइ.एस. एक्स्पर्ट ४५ दिन, सब इन्जिनियर सुपरभाइजर ४५ दिन, ड्राफ्ट गर्न ६० दिन र इन्युमेटर्सका लागि ४५ कार्यदिनका दरले अनुमान गरिएकोमा सोको आधार पेस नभएको र लागत अनुमानमा सामाजिक अर्थशास्त्रीको कार्यकमा ४५ दिन उल्लेख गरिएकोमा परामर्शदाताबाट पेस भएको प्रतिवेदनमा अधिकांशः द्वितीय स्रोतबाट सङ्कलित तथ्याङ्कहरू रहेको देखिएकोले लागत अनुमानमा उल्लेखित कार्यदिनको आधार पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१९,४२,४७०

२५ **पशुपति मोटर बाटो स्तरोन्नति कार्य**

(ठेक्का नम्बर ०७९।८०–९) यस पालिकाको वडा नम्बर २ र ३ स्थित पशुपति मोटरबाटो स्तरोन्नति कार्यका लागि मिति २०७९।११।१४ मा निर्माण व्यवसायी प्रविन कन्स्ट्रक्शन, भक्तपुरसँग २०८०।३।१५ मा कार्य सम्पन्न गर्नुपर्ने गरी रु.१,१५,८३,४४६। मा सम्झौता भएकोमा हाल दोश्रो बिलसम्म रु.४०,७०,२९६। को अद्यावधिक कार्य भएको छ। सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

२५.१ **पेश्की बाँकीः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५२(क) मा निर्माण व्यवसायीले पहिलो पटक पेश्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गरिसक्नु पर्ने, उक्त पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई उपलब्ध गराउनुपर्ने र पेश्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा अग्रिम बैंक जमानत जफत हुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३(४) मा पेश्की बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नु पर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको हुनु पर्ने र नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेश्की फछर्योट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फछर्योट गर्नुपर्ने र निजबाट त्यस्तो पेश्की रकमको सय कडा दश प्रतिशत ब्याज समेत असुल उपर गर्नुपर्ने व्यवस्था छ। उक्त निर्माण व्यवसायीलाई २०७९।१२।१२ मा रु.७,००,०००। र २०८०।२।१७ मा रु.३,००,०००। गरी रु.१०,००,०००। पेश्की दिएकोमा गोश्वारा भौचर नम्बर ११,मिति २०८१।१२।२६ बाट रु.५,००,०००। पेश्की फछर्योट भई रु.५,००,०००। पेश्की बाँकी रहेकोमा कृषि बिकास बैंक लिमिटेडबाट जारी भएको पेश्की जमानतको म्याद २०८२।३।३१ सम्म रहेकोले जमानतको म्याद समाप्त भएको छ। उक्त निर्माण व्यवसायीले सम्झौता बमोजिम पेश्कीको प्रयोग गरेको नपाईएकाले ब्याज समेत हिसाब गरी पेश्की रकम असुल गर्नुपर्ने रु.

पेश्की	५,००,०००

२५.२ **घटी अवधिको कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२०(१) मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तिमा २१ दिन अगावै निर्धारित अवधिको कार्य सम्पादन जमानत, बीमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने

व्यवस्था छ। कार्यपालिकाको मिति २०८२।४।८ को निर्णयले २०८२ पौष मसान्तसम्म सम्झौताको म्याद थप भएकोमा कार्यसम्पादन जमानतको म्याद २०८३ माघ मसान्तसम्म हुनुपर्नेमा कृषि बिकास बैंक लिमिटेड बाट जारी भएको कार्य सम्पादन जमानतको म्याद २०८३।४।३० सम्म मात्रै रहेको छ। नियम बमोजिम निर्धारित अवधिको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१४,१२,५००

२५.३ उक्त खरिद सम्झौता एवं कार्यतालिका बमोजिम निर्माण व्यवसायीबाट कार्य नहुँदा वित्तीय प्रगति ३५.१४ प्रतिशत मात्र रहेको र दोश्रो रनिङ बिल २०८१।१२।२६ पश्चात निर्माण व्यवसायीले कार्य गरी बिल पेस नगरेकोले खरिद सम्झौता बमोजिम कार्य गर्ने गराउने तर्फ कार्यालय र निर्माण व्यवसायीको ध्यान जानुपर्दछ।

२५.४ **पूर्व निर्धारित क्षतिपूर्तिः** गाउँ कार्यपालिकाको २०८२।४।८ को निर्णयले कामको प्रगति न्यून भएको र कार्य समयमा सम्पन्न गर्नका लागि पटक पटक म्याद थप गरी काम गर्न ताकेता गर्दा पनि निजले बेवास्ता गरेको हुँदा पूर्व निर्धारित क्षतिपूर्ति लगाई २०८२ पौष मसान्त सम्म म्याद थप गरेको छ। कार्यपालिकाको निर्णय बमोजिम उक्त निर्माण व्यवसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

२५.५ **बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले तोकिए बमोजिमका कार्यहरुको बीमा गराउनु पर्ने व्यवस्था छ। उक्त निर्माण व्यवसायीसँग रु.१,१५,८३,४६६। को खरिद सम्झौता गरेकोमा सो निर्माण व्यवसायीले बीमा गराएको पाईएन। नियमानुसार बीमा गरी जोखिम न्युनिकरण गर्नुपर्दछ।

२६ **पशुपति मोटर मार्ग दोश्रो खण्ड**

(ठेक्का नम्बर ०८०।०८१–११) पशुपति मोटर मार्ग दोश्रो खण्ड स्तरोन्नति कार्यका लागि २०८०।१०।१० मा गौरब एस.एस.जे.भी., काठमान्डौसँग २०८१।३।१६ सम्म कार्य सम्पन्न गर्नुपर्ने गरी रु.२,८०,४३,७६६। मा सम्झौता भएकोमा २०८२ पौष मसान्तसम्म म्याद थप भएको छ। सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

बीमा नगरेको – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले तोकिए बमोजिमका कार्यहरुको बीमा गराउनु पर्ने व्यवस्था छ। उक्त निर्माण व्यवसायीसँग रु.२,८०,४३,७६६। को खरिद सम्झौता गरेकोमा सो निर्माण व्यवसायीले बीमा गराएको पाईएन। नियमानुसार बीमा गरी जोखिम न्युनिकरण गर्नुपर्दछ।

२७ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। ठेक्का नम्बर ०८१।८२–२ मा घ्याछाप पुट्टार मोटर मार्ग दोश्रो खण्ड स्तरोन्नति कार्यका लागि लिसम निर्माण सेवा प्रा.लि.लाई गोश्वारा भौचर नम्बर १८, मिति २०८२।३।२२ बाट अन्तिम भुक्तानी गर्दा स्ट्रक्चरको कार्यमा प्लम कंक्रिटको वालको काममा ३५४.२४५ घन मिटर भुक्तानी गर्नुपर्नेमा ३५९.३८ भुक्तानी दिएको हुँदा ५.१३५ घन मिटरको बढी भुक्तानी भएकाले प्रति घन मिटर रु.८३००। का दरले रु.४२,६२०। र सो मा मुल्य अभिवृद्धि कर समेत रु.४८,१६१। बढी भुक्तानी भएकोले उक्त निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४८,१६१

२८ **घुमाउने ताल निर्माण कार्य**

यस गाउँपालिकाको वडा नम्बर ३ मा पर्यटकीय बिकासका लागि मानव निर्मित घुमाउने ताल निर्माण गर्न परामर्शदाताबाट विस्तृत आयोजना प्रतिवेदन तयार भई रु.१४,३४,४०,९८७। को लागत अनुमान रहेकोमा हालसम्म उक्त कार्यमा निम्न बमोजिम रु.५,१४,६५,६९५। खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

क्र.सं.	ठेक्का नम्बर	निर्माण व्यवसायी	खर्च रकम
१	०७७/०७८-३	साउथ एशियन निर जे.भी.	१२६१८६८५
२	०८०/०८१-३	सगरमाथा आर्किटेक एन्ड सप्लायर्स, काठमाडौं	९५७८७०२
३	०८१/८२-१	हिमालयन इन्जिनियरिंग एशोसियट्स प्रा.लि. काठमाडौं	२९२६८३०९
		जम्मा	५१४६५६९५

(क) बजेट सुनिश्चितताको अभावः आन्तरिक आयको श्रोत न्यून भएको अवस्थामा संघीय सरकार र प्रादेशिक सरकारको वित्तीय सहयोग विना उक्त आयोजना पूर्ण हुन सक्ने देखिदैन। समयमा उक्त आयोजना सम्पन्न नहुँदा हालसम्म निर्मित भौतिक संरचनाहरुको दीगोपनामा असर पर्न सक्ने देखिन्छ। आर्थिक बर्ष २०७६।७७ मा विस्तृत परियोजना तयार भई आ.व. ०७७।७८ देखि यस बर्ष समेत गरी तीन आर्थिक बर्षमा विस्तृत परियोजना प्रतिवेदनमा उल्लेखित कार्यको ३५.८८ प्रतिशत मात्र कार्य सम्पन्न भएको छ। उक्त आयोजना पूरा गर्नका लागि अझै रु.९,१९,७५,२९२। लागत आवश्यक हुने देखिन्छ। उक्त आयोजना समयमै पुरा गरी आयोजनालाई अधुरो रहन नदिई हालसम्म गरिएको लगानीको प्रभावकारिताका लागि संघीय सरकार तथा गण्डकी प्रदेश सरकारको समेत ध्यान जानुपर्ने देखिन्छ। आगामी दिनमा आयोजना छनौट गर्दा पर्याप्त रुपमा लागत लाभ बिश्लेषण गरी ,बजेट सुनिश्चितता गरी रोजगारी अभिवृद्धि हुने र उत्पादन मूलक एवं प्रतिफल दिने आयोजना छनोटमा ध्यान दिनुपर्दछ ।

२९ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने, नियम ८४ मा रु. २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले खरिद योजना तथा एकै प्रकृतिको सामग्रीको प्याकेज नबनाई पटक-पटक गरी खरिद गरेको देखिन्छ। यसबाट खरिद पक्रियामा प्रतिस्पर्धा एवं पारदर्शिता सीमित हुन जान्छ। पालिकाले एकै प्रकृतिका

सामग्रीहरूको प्याकेज तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा त्यस्तो नगरेकाले प्रतिष्पर्धा सीमित हुने गरि सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

गो भौ मिति	विवरण	आपुर्तिकर्ता	भुक्तानीरकम
४२०८१।६।७	कम्प्युटरजन्य	इलाइटइन्फोसिस	९८२०००
९६२०८१।१२।१७	कम्प्युटरजन्य	मास्टरमिडिया एण्ड सप्लायर्स प्रा लि	९९५६४३
१६८२०८२।३।१८	कम्प्युटरजन्य	फाइनलाइनअर्किटेक्स प्रा लि	१२४३००
२०२०८१।८।२५	कम्प्युटरजन्य	जेलवेनइनवमेसन प्रा लि	९८८७५०
५२०८१।६।९	फर्निचर	एस आर एमट्रेड एण्ड सप्लायर्स	९३८२७०
६२०८१।६।९	फर्निचर	पाल्पाभैरव फर्निचर उद्योग	९९८६००
१७२०८१।८।१६	फर्निचर	प्रतिभाफर्नचर उद्योग	३८६७४
२१२०८१।८।२५	फर्निचर	युवा ट्रेडसप्लायर्स	९६२७५४
२५२०८१।९।१७	फर्निचर	भैरव ट्रेडएण्ड सप्लायर्स	५५४०६१
		जम्मा	६५८३०५२

३० **प्रमाण पेश**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२०७,५८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३१ **उपभोक्ता समितिद्धारा सरकारी भवनको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ को १२ मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था गरेको छ । निम्नलिखित सरकारि कार्यालय तथा भवनको निर्माण तथा मर्मत कार्य उपभोक्ता समितिबाट गरिएको छ । यसरि स्वामित्व हस्तान्तरण नहुने कार्यमा समेत उपभोक्ता समिति द्धारा कार्य गराइ भुक्तानी गरिएको रकम अनियमित भएको रु

गो भौ मिति	विवरण	उपभोक्ता समिति	भुक्तानी रकम
१५५२०८२।३।८	वडा नं ३ कार्यालय भवन मर्मत	वडा भवन मर्मत वडा नं ३ को कार्यालय	९४९००
१८९२०८२।३।२३	स्वास्थ्य चौकी मर्मत तथा रङरोगन	सामुङ हरिया स्वास्थ्य चौकी मर्मत तथा रङरोगन	१९६०००
१९३२०८२।३।२३	स्वास्थ्य इकाइ गडचैली मर्मत	गडचौलिटार स्वास्थ्य इकाइ व्यवस्थापन	९९०००
		जम्मा	३८९९००

अनियमित भएको	३,८९,९००

३२ **हेभी ईक्युपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् ।

गो भौ र मिति	विवरण	निर्माणव्यवसायि	कुलकाम	निर्माणव्यवसायिको विल	मु अ कर
३४ २०८१।१०।८	श्री पार्वती आवि कोलडाडा	घिरिङ्ग निर्माण सेवा	२६६४६५	५५९३५	७२७२
५८ २०८१।११।१९	देउराली चोक देखि छानुङ तिर जानेबाटो ढलान योजना	झपेन्द्र निर्माण सेवा	५४३५७२	८१३६०	१०५७७
१८७ २०८२।३।२३	मनकामना मन्दिर निर्माण ढाकर्दी	झपेन्द्र निर्माण सेवा	८८४४२	५५३७०	७१९८
१८६ २०८२।३।२३	भाटडाडा मोटर मार्ग	झपेन्द्र निर्माण सेवा	१००२०७	८४७५०	११०१८
१८३ २०८२।३।२३	बन्टार खानेपानी योजना	किमजोङ कन्स्ट्रक्सन सप्लायर्स	५९७०१८	५३७८८	६९९२
१९८ २०८२।३।२४	गोसाइकुण्ड मोटरमार्ग	झपेन्द्र निर्माण सेवा	४७००९१	३११८८०	४०५४४
१९१ २०८२।३।२३	लसुने गैरा पहिरो वडा ५	झपेन्द्र निर्माण सेवा	२१२६२४	७११९०	९२५५

३३ **उपभोक्ता समितिको कार्य तेस्रो पक्षबाट गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भई तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नपाइने उल्लेख रहेको छ। पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरू उपभोक्ता समिति आफैले नगरी निर्माण व्यवसायी मार्फत गराउने गरेको व्यहोरा खर्चका बिल भर्पाइहरूबाट देखिन आएको, पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ गर्नुपर्नेमा सो बमोजिम नभएकाले अनियमित भएको रु

गो भौ र मिति	विवरण	निर्माणव्यवसायि	कुलकाम(नापि)	भुक्तानीरकम	निर्माणव्यवसायिको विल	कैफियत
79 २०८१।११।२६	अर्चलकोट बेलडाडा मोटर मार्ग	झपेन्द्र निर्माण सेवा	१५४३३२	१३८५००	१६६११०	सम्पुर्ण कार्य मेसिन प्रयोग गरि बाटो कटिङ
१९५ २०८२।३।२३	गड्चौलिटार रिङरोड	घिरिङ्ग निर्माण सेवा	२१७९५५	१९९०००	१६१०२५	खन्ने र ग्राभेल गर्ने कार्य
७ २०८१।१२।२०(प्रकोप कोष)	सुनाकोट देखि बैदी सम्मको मो वा मर्मत योजना	घिरिङ्ग निर्माण सेवा	३२२१३४८	२७३००७१	१९३००७१	उपभोक्ता समितिको कामको भुक्तानी निर्माण व्यवसायिको खातामा जम्मागरिएको
			जम्मा	३०६७५७१		

अनियमित भएको	३०,६७,५७१

३४ **निर्माण सामग्रीको विल विजक**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यालयद्धारा उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर अधिकांश उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरि भुक्तानी प्राप्त गरेको देखिन्छ ।यस्तो कार्यमा सुधार गरी कार्यालयलाई थप व्ययभार नपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

भौनं र मिति	उपभोक्तासमिति	सामग्री	परिमाण	खरिददर भ्याट सहित	भुक्तानीदर भ्याट सहित	फरक	फरकरकम
११ २०८१।६।१७	चक्रदेवि मोटरबाटो स्तरवृद्धि उ स	ओपिसि	१३५	६५०	७४५	९५	१२८२५
७२ २०८१।११।२१	श्री सृजनशिल आमा समुह	ओपिसि	५५	६६१	७४५	८४	४६२०
६७ २०८१।११।२१	कुविण्डे खोला खानेपानी मुल संरक्षण	ओपिसि	९५	६०५	७४५	१४०	१३३००
७८ २०८१।११।२६	बहुआयामिक सभाहल	ओपिसि	६०	६२२	७४५	१२३	७३८०
		इट्टा	२३००	८	१७	९	१९७८०
९२ २०८१।१२।११	बैडी पाखेलटोल बाटो	ओपिसि	१३०	६१०	७४५	१३५	१७५५०
८८ २०८१।१२।६	बेलादी सडक पुलको स्तर बृद्धि	ओपिसि	१३०	६१०	७४५	१३५	१७५५०
१५२ २०८२।३।३	कृष्णगंगा आ वि क्यान्टिन निर्माण	इट्टा	३६५०	६	१७	११	३९४२०
					जम्मा		१३२४२५

३५ **लागत अनुमान संशोधन नगरिएको**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ को ७ मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था गरेको छ ।सुनाकोट मानपुर ढाकर्दी मोटरबाटो निर्माण कार्य गर्नकालागि रु २१९६१६८ को लागत अनुमान तयार र स्वकृत गराई सोहि अनुसारको रकममा पालिकाको ९० प्रतिशत र उपभोक्ता समितिको १० प्रतिशत लागत साझेदारी हुनेगरि सुनाकोट मानपुर ढाकर्दी मोटर मार्ग उपभोक्ता समितिसंग सम्झौता गरिएकोमा काम गर्दै जाने क्रममा पालिकाबाट सो कार्यकालागि विनियोजित रु २० लाख बजेटले कार्य सम्पन्न गर्न नसकिने भनि मिति २०८२।३।३ को कार्यपालिकाको निर्णयबाट भैपरि आउने पुँजिगत खर्चबाट व्यहोर्ने गरि रु ४ लाख थप गर्ने निर्णय भएको र सोहिअनुसारको भुक्तानी गो भौ र मिति १९० २०८२।३।२३ बाट रु २४ लाख भएको देखिन्छ ।यसरि लागत अनुमान तयार गर्दा वास्तविकतामा आधारित रहेर गरेको नदेखिएको तथा रकम थप गर्नुपर्ने निर्णय प्रश्चात लागत अनुमान संशोधन नगरि कार्य गरेको देखियो ।यसरी गाँउ सभाबाट स्वीकृत बजेट भन्दा बढी खर्च गरिएको रकम अनियमित भएको रु.

अनियमित भएको	४,००,०००

३६ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको विभिन्न पदमा गाउँसभाबाट पारित संगठन तथा व्यवस्थापन (ओ एण्ड एम) अनुसारको दरबन्दीमा ५४ जना करार नियुक्ति गरी वर्षभरीमा रु.१,४३,५२,८७१ भुक्तानी गरेको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी मितव्ययी रुपमा करार कर्मचारी नियुक्त गर्नुपर्दछ।

३७ प्रोत्साहन भत्ता

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८६ र ८८ मा स्थानिय निकायमा कार्यरत कर्मचारीको तलब तथा सेवा सुविधा प्रदेश तथा नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ। घिरिङ्ग गाउँपालिकाको प्रशासन तथा प्राविधिक कर्मचारीहरुलाई कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१ निर्माण गरी कार्यविधिमा उल्लिखित सूचक अनुसार प्रोत्साहन भत्ता वापत रु.१०,२०,९६०।- खर्च लेखेको छ। पालिकाको आन्तरिक आम्दानी न्यून रहेको हुँदा आन्तरिक आय समेतलाई विचार गरी मितव्ययी रुपमा कर्मचारी प्रोत्साहनमा खर्च गर्नुपर्दछ।

३८ बढी भुक्तानी

४६१।२०८२।१।३१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ व्यवस्था रहेको छ। पालिकाले प्रेसक मिडिया प्रालि काठमाडौंलाई एक दिनको विज्ञापन वापत कर वाहेक रु१५८५०।०० दिनुपर्नेमा तीन दिनको रु४७४६०।०० दिएकोले बढी भुक्तानी भएको रु.३१,६४०।- उक्त फर्मबाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३१,६४०

३९ अन्य निकायको खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ।कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र अन्य निकायहरुको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्वन्धित निकायहरुले खर्च गर्नुपर्ने प्रावधानहरु रहेका छन्।ईलाका प्रहरी कार्यालयको ईन्धन बापतको खर्च रु.१,८८,१५०।- यस कार्यालयबाट भुक्तानी दिएकोले नियमसम्मत नभएको रु

अनियमित भएको	१,८८,१५०

४० विजुली महसुल जरिवाना

गणडकी प्रदेश खर्चको मापदण्ड, २०७९को दफा १६(२) बमोजिम पानी, बिजुली, टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमनुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। कार्यालयले बिजुली, पानी, टेलिफोन महसुल समयमा भुक्तानी तर्फ ध्यान दिनुपर्दछ।

४१ शिक्षक तथा विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ। यस पालिका अन्तर्गत ३७ वटा विद्यालयमा १८३ जना शिक्षक दरबन्दी भएकोमा पदपूर्ति भएको र पदपूर्तिमध्ये १५४ जना स्थायी र २९ जना अस्थायी/राहत शिक्षक रहेको देखिन्छ।

क्र.सं	विद्यालय	शिक्षक दरबन्दी	पदपूर्ति		विद्यार्थी संख्या
			स्थायी	अस्थायी/राहत	
१	३७ विद्यालय	१८३	१५४	२९	३०४७

उपर्युक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विद्यार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १७ जना विद्यार्थीहरूलाई पठन पाठन गराउनु पर्ने देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गीकरणमा तनहु जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ। शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनुपर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा १७ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा कम रहेको छ।

४२ न्यून विद्यार्थी संख्या भएका विद्यालय

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या तराईमा सामान्यतया ५० हुनुपर्ने उल्लेख छ। साथै नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ। यस पालिका मातहतमा कुल ३४ सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा उक्त विद्यालयहरुलाई यस पालिकाबाट जम्मा रु.१३,१५,६२,८७३।- निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरणअनुसार निम्नानुसार २१ विद्यालयमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको बेहोरा देखिन आयो।

सि.न..	विद्यालयको नाम	ठेगाना	शिक्षक दरबन्दी	संचालित कक्षा	विद्यार्थी संख्या	शिक्षक संख्या		यो वर्ष कुल रकम निकासा
						स्थायी	अस्थायी करार ज्यालादार	
१	श्री चन्द्र ज्योती **मा.वि.**	घिरिङ- ३	१९	ECD- 12	४९७	१६	३	१३७१२४३४
२	श्री कृष्ण मा.वि.	घिरिङ-१	१९	ECD- 12	३९९	१५	४	१२६८००८८
३	श्री सरस्वती मा.वि.	घिरिङ-५	१७	1 to 10	३१९	१४	३	१२००८५५७
४	श्री कामधेनु मा.वि.	घिरिङ-५	११	ECD- 10	३३२	७	४	८५२५१९५
५	श्री महेन्द्र ज्योती **मा.वि.**	घिरिङ-४	८	ECD- 10	३३०	८	०	७७५२६०७
६	श्री राष्ट्रिय मा.वि.	घिरिङ-२	१२	ECD- 10	१०७	९	३	८१८९३६२
७	श्री दिपक मा.वि.	घिरिङ-१	१३	ECD- 10	१३४	९	४	९०९०५१६
८	श्री बिष्णु आ.वि.	घिरिङ-२	७	ECD- 8	४१	७	०	४५२८४१२
९	श्री सरस्वती आ.वि.	घिरिङ-१	९	ECD- **८**	१०४	६	३	५८३१७३९
१०	श्री कृष्णगंगा आ.वि.	घिरिङ-४	८	1 to 8	५९	७	१	४७७९३३७
११	श्री जयनेपाल प्रा.वि.	घिरिङ-४	३	1 to 5	२३	३	०	२१९३७६९
१२	श्री गुदीभज्याङ्ग **प्रा.वि.**	घिरिङ-१	३	ECD- **५**	३६	३	०	२३३८४६७
१३	श्री कल्याणदेवी **प्रा.वि.**	घिरिङ-४	३	1 to 5	२४	३	०	१९९७९६९
१४	श्री चण्डी प्रा.वि.	घिरिङ-२	५	ECD- **५**	४८	५	०	३३८७२८७
१५	श्री पशुपतिनाथ **प्रा.वि.**	घिरिङ-२	३	1 to 5	३७	३	०	१४४०७०५
१६	श्री बुद्दि प्रा.वि.	घिरिङ-५	४	ECD- **५**	४८	४	०	२९५७६२९
१७	श्री पार्वति प्रा.वि.	घिरिङ-२	५	ECD- **५**	९०	५	०	३३७६०७७
१८	श्री भैरव प्रा.वि.	घिरिङ-३	४	ECD- **५**	४०	४	०	२८४२०३४
१९	श्री सरस्वति प्रा.वि.	घिरिङ-५	३	ECD- **५**	२८	३	०	२३०८७१५
२०	श्री राजपुर प्रा.वि.	घिरिङ-४	३	ECD- **५**	४०	३	०	२२५००७८
२१	श्री जनप्रिय प्रा.वि.	घिरिङ-३	२	1 to 3	१०	२	०	१३२४७१४
२२	श्री अकलादेवी **प्रा.वि.**	घिरिङ-४	२	1 to 3	२०	१	१	१२५००८३
२३	श्री सृजना प्रा.वि	घिरिङ-३	२	ECD- **३**	३२	१	१	१३२८२०१
२४	श्री भैरवी प्रा.वि.	घिरिङ-४	२	ECD- **३**	२४	१	१	१६२२१२८
२५	श्री कृष्णगंगा **प्रा.वि.**	घिरिङ-१	२	ECD- **३**	४५	२	०	१४५५२८७
२६	श्री मोती प्रा.वि.	घिरिङ-५	२	ECD- **३**	२६	२	०	१७२९७३८
२७	श्री **कालिकादेवी प्रा.वि.**	घिरिङ-३	२	1 to 3	१०	२	०	१७६६११५
२८	श्री जल बराही **प्रा.वि.**	घिरिङ-५	१	1 to 3	२३	१	१	११०८०२५
२९	श्री थानी प्रा.वि.	घिरिङ-३	१	1 to 3	२३	१	१	१३७४१२८
३०	श्री जलदेवी प्रा.वि.	घिरिङ-४	२	ECD- **३**	१८	२	०	१५९४५६३
३१	श्री सत्यदेवी **प्रा.वि.**	घिरिङ-४	२	1 to 3	१३	१	१	११७८५३७
३२	श्री लक्ष्मी प्रा.वि.	घिरिङ-१	२	1 to 3	२२	२	०	१५०३३८४
३३	श्री बालज्योति **प्रा.वि.**	घिरिङ-४	२	ECD- **३**	३५	२	०	१८२३१७९
३४	रो अल्बर्ट बा.वि.के.	घिरिङ-३	०	०	१०	०	०	३१३८१५

	जम्मा		१८३	-	३०४७	१५४	३१	१३१५६२८७३

४३ **शैक्षिक गुणस्तर**

पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्दछ। पालिका अन्तर्गतका विधालयहरुको २०८१ को एस.ई.ई परीक्षामा १७३ जना विद्यार्थी सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको अवस्था देहाय बमोजिम रहेको छ :

सि.नं.	जिपिए	सम्मलित संख्या	उत्तीर्ण विद्यार्थी संख्या
१	३.६१-४	१७३	२
२	३.२१-३.६०		१३
३	२.८-३.२		४०
४	२.४-२.८		४०
५	२.०-२.४		७
	जम्मा		**१०२**
६	NG		७५
कुल जम्मा		१७३	१७३

तालिका अनुसार सामुदायिक विद्यालयतर्फ ३.६१-४.०० जिपिए ल्याउने विद्यार्थी २, ३.२१-३.६० जिपिए ल्याउने विद्यार्थी १३, २.८०-३.२० जिपिए ल्याउने ४०, २.४-२.८ जिपिए ल्याउने ४० र २.००-२.४ जिपिए ल्षाउने ७ जना रहेका छन्। यसरी सामुदायिक विद्यालयवाट ७५ जनाले ननग्रेड भएका देखिन्छ। यसरी पालिकाले सामुदायीक विद्यालयको शौक्षिक क्रियाकलापमा वृद्धी गरी पास प्रतिशत सुधार तथा गुण्स्तर वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४४ **सेनिटरी प्याड**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि कोटेसन मार्फत ११८ मिति २०८२।३।८ ओसन सर्जिकल ट्रेड कन्सर्नबाट ७५०० प्याकेट सेनिटरी प्याड खरिद गरी रु.७,२७,४९४।- भुक्तानी गरेको छ। आर्थिक वर्षको अन्त्यमा सम्पूर्ण प्याडहरूप विद्यालयमा हस्तान्तरण भएको विवरण पेस भएको छ। आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तमा खरिद गरेको पाइयो। पालिकाले अनुदान मार्फत वितरण गरेको सेनिटरी प्याड विद्यालयहरू विद्यालयमा हस्तान्तरण गरी सम्बन्धित विद्यालयले जिन्सी आम्दानी बाँधेको प्रमाण, वास्तविक लाभग्राही (कक्षा ६-१२ सम्मका छात्राहरु) ले पाए नपाएको सम्बन्धमा अनुगमन तथा विद्यालयले लाभग्राही विद्यार्थीलाई वितरण गरेको भरपाइ पेस हुन आएन। साथै उक्त आपूर्तिकर्ताबाट बिल रकम रु.६,४३,८००।- को भ्याट रकम रु.८,३,६९४। समेत रु.७,२७,४९४।– फोटोकपी बिल पेस गरी भुक्तानी गरेकोले कर समायोजन पत्र पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७,२७,४९४

४५ **विद्यालयको कोष सञ्चालन**

शिक्षा नियमावली, २०५९ को नियम १६९(५) मा विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय कोषको रकम नजिकैको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्न सकिने उल्लेख छ। पालिकामा पेस गरिएको विद्यालयहरुको सामाजिक लेखापरीक्षण प्रतिवेदन अनुसार पालिका अन्तर्गतका निम्नानुसारका ३ विद्यालयले रु.१३ लाख ७२ हजार ९०५ विभिन्न सहकारीमा जम्मा गरेको पाइयो। विद्यालयको कोषको रकम नजिकैको बैङ्कमा खाता खोली राख्नुपर्नेमा नियम विपरीत सहकारीमा समेत जम्मा गरेको देखिएकोले नियमानुसार सबै विद्यालयको कोषको सञ्चालन बैङ्कबाट हुने व्यवस्था मिलाउनुपर्दछ।

क.सं.	विद्यालयको नाम	सहकारी संस्थाको नाम	रकम
१	चन्द्रज्योति माध्यमिक विद्यालय	बिहानी सहकारी	६९९४५
		घिरिङ बहुउद्देश्यीय सहकारी	१२८३१७०
२	सरस्वती माध्यमिक विद्यालय	सिद्ध सहकारी	८१३०
३	सृजना प्रा वि	सिद्धबाबा सहकारी	११६६०
		जम्मा	१३७२९०५

४६ **दिवा खाजा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरूको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने, दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गरी उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समूहबाट खरिद गर्ने र स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण, बिल भरपाई सुरक्षित राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसिमितिबाट अनुमोदन गरी विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने व्यवस्था छ। पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा ३६ वटा सामुदायिक विद्यालयको खातामा रु.३१,६३,२४०।- निकासा गरेको छ। विद्यालयलाई दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन। पालिकाले अनुगमन निरीक्षण गरी कार्यक्रम कार्यान्वियनको प्रगति तथा तोकिएबमोजिमको मार्गदर्शन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बिल भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

४७ **पाठ्यपुस्तक बढी निकासा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.४.६.२ मा सामुदायिक विद्यालयका विद्यार्थीलाई पाठयपुस्तक उपलव्ध गराउँदा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई प्रति विद्यार्थीका दरले पाठयपुस्तक उपलव्ध गराउने व्यवस्था रहेको छ। पालिकाले पाठयपुस्तक खरिदको लागि देहायका विद्यालयलाई रकम वितरण गरेकोमा विद्यालयबाट प्राप्त विवरण बिल भरपाई परीक्षण गर्दा बिल रकमभन्दा बढी निकासा भएको पाइएकोले सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रु.

भौ.नं.।मिति	विद्यालयको नाम	निकासा	बिल रकम	बढी निकासा
१०५।२०८२।२।३०	थानी प्रा वि	८९८९	७५२०	१४६९

असुल गर्नुपर्ने	१,४६९

४८ **फिल्ड भत्ता**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा १५(१) कानूनबमोजिम बाहेक कुनै पनि प्रकारको प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता लगायतका भत्ता प्रदान गर्न नमिल्ने उल्लेख छ। पालिकाले स्वास्थ्य शाखामा कार्यरत चौथो तहका कर्मचारीलाई प्रति महिना रु.१८००।– र पाँचौ तहका कर्मचारीलाई रु.२१००।- का दरले फिल्ड भत्ता वापत रु.१,१७,६००।- फिल्ड भत्ता उपलब्ध गराएकोले कानुन बमोजिम भत्ता पाउने आधार पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

भौ.नं.।मिति	कर्मचारीको नाम	पद	महिना	रकम
१२८।२०८२।३।१५	अजय कुमार यादव	हे अ	श्रावणदेखि आषाढ	२६४००
१२९।२०८२।३।१५	जमुना थापा	अ हे व	श्रावणदेखि आषाढ	२१६००
	प्रविन श्रेष्ठ	अ हे व	श्रावणदेखि आषाढ	२१६००
	सिता देवी श्रेष्ठ	सि अ न मी	श्रावणदेखि आषाढ	२६४००
१३३।२०८२।३।१५	जानकी वि क	अनमी	श्रावणदेखि आषाढ	२१६००
			जम्मा	११७६००

प्रमाण पेश नगरेको	१,१७,६००

४९ **औषधीको सदुपयोग**

आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ। नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन्। कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधि, सर्जिकल समान तथा उपकरणहरुको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधि तथा सर्जिकल सामानहरु र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन। कार्यालयबाट प्राप्त बिबरण अनुसार निम्नानुसार विभिन्न ठूलो परिमाणका औषधिहरु यो आ व २०८१।८२ को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो। यसरी सर्वसाधरण जनताको सुबिधालाई लक्षित गरी सरकारी रकमबाट खरिद गरिएका औषधिहरु नोक्सानी हुन गएको सम्बन्धमा पालिकाको ध्यान जानुपर्दछ।

क्र.सं.	औषधीको नाम	म्याद समाप्त मिति	परिमाण	मूल्य रु
1	Salbutamol 4mg	jun-25	220 Tab	440
2	Azithromycin 250mg	Feb -25	13 Tab	260
3	Amoxicillin 125mg	jan-25	1230 Tab	2460
4	Metronidazole Syrup	Apr-24	10 Bottle	25
5	dexamethasone mg/ml inj	Jan-25	20 Vial	300
6	prednisolone 5mg tablet	Apr-25	400 Tab	1200
7	oxytocin 5 IU /ml injection	Apr-25	20 Ampule	400
8	lignocaine 2%	Mar-25	22 Vial	660
9	Albendazole Tab 400 mg	Dec-24	300 Tab	3200
10	Silver Sulfadiazine	Oct-24	15 tube	300
11	Calcium Gluconate 10ml\inj	jan-25	10 Ampule	250
12	Chromic catgut	Nov-25	5 pic	600
13	Ferrous Sulphate 60 mg + folic acid 0.4mg	Apr-25	1200 Tab	2400
14	Inj.Gentamycin 80 mg/2ml	Apr-2025	10 Ampule	200
15	Inj.Hyoscine Butylbromide 20 mg\ml	Apr-2025	18 Ampule	1170
16	Spirit 450 ml	Dec-24	5 Bottle	1505
17	Metformin 1000mg SR	jun-25	100 Tab	300
18	Ciprofloxacin 500 mg	25-Sep	5800 Tab	17000
19	Oxymetazoline 0.25%	25-DEC	18 Vial	900
20	Oxymetazoline 0.05%	Nov-25	12 Vial	600
21	Co-trimoxazole 500mg	25-Dec	500 Tab	1500
22	Tab zinc 20 mg	Dec-25	2440 Tab	4800
23	Tab Tinidazole 500mg	July -25	800 Tab	3200
24	Tab Doxycycline 100 mg	Nov.25	200 Tab	400

५० **प्रमाण पेस गर्नुपर्ने**

३१।२०८१।९।१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले निःशुल्क औषधी खरिदका लागि हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि. सँग रु.१०,०३,४३४।- सिलबन्दी दरभाउपत्रको माध्यमबाट सम्झौता गरेकोमा पालिकामा औषधी उपलब्ध गराएपश्चात आपूर्तिकर्ताले रु.८,८७,९९०।– को मात्र बिल पेस गरेकोमा भौचर नं. ३१।२०८१।९।१ बाट रु.१०,०३,४३४।– भुक्तानी गरेको छ। आपूर्तिकर्ताले पेस गरेको बिलभन्दा बढी भुक्तानी भएको रु.१,१५,४४४।– को बिल पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,१५,४४४

५१ **कृषि पशु अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट कृषितर्फ २७५ जना कृषक र ७ समूहको लागि रु.४२ लाख ४४ हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

क्रम	अनुदानको किसिम	व्यक्ती संख्या	रकम रु हजारमा
१	साना व्यवसायिक फर्म स्थापना तथा सुधार कार्यक्रम	१० जना	१६००
२	नश्ल सुधार कार्यक्रम	३ जना	७५
३	यान्त्रिकरण अनुदान सहयोग कार्यक्रम	१ जना	25
4	पशु आहारा मिशन कार्यक्रम	८५ जना	110
5	उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रम	२ वटा सहकारी	6,6४
6	उत्पादनमा आधारित नगद अनुदान (अदुवा/ लसुन कृषक)	१०६	३१८
7	कृषि सामाग्री	३२ (प्लाष्टिक टनेल) ३६ (२ in १ स्प्रेयर) ४१ (५ लि. हजारी)	२३२
८	मौरीघार वितरण कार्यक्रम (सेरेना जात ४ फ्रेम सहितको)	६५	३२५
९	मकैको उन्नत बीउ (रामपुर कम्पोजिट र मनकामना — ३)	१	३०५
१०	धानको उन्नत बीउ (राम, सावित्री र सांवा मंसुली सब — १)	१	२६६
११	तरकारीको बीउ	१	३००
१२	फलफूल बिरुवा (आँप, लिची, कागती र सुन्तला)	१	१४१
१३	रासायनिक मल ढुवानीमा अनुदान	५ वटा (सहकारी संस्था)	५४७
	जम्मा	२८२	४२४४

५२ प्रोत्साहन अनुदान

१४४।२०८२।३।१८ प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को दफा २३ (५ई) पहाडी क्षेत्रमा खाद्य सुरक्षाको दृष्टिले महत्वपूर्ण कम्पोजिट जातको मकैको खेती गर्ने कृषकलाई मकै लगाएको पैतालिस दिन पश्चात सम्बन्धित प्राविधिकले स्थलगत प्रमाणीकरण गरी प्रति रोपनी रु.५००।- का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने उल्लेख छ। पालिकाले यो वर्ष ९१ जना कृषकलाई ३८५ रोपनीका लागि रु.१,९२,५००।– नगद प्रोत्साहन अनुदान दिएको विवरण प्राप्त भएको छ। यसप्रकार दिएको अनुदान रकमको प्रभावकारी रुपमा सदुपयोग भएको सम्बन्धमा प्राविधिकले स्थलगत अनुगमन गरी प्रमाणीकरण नगरी गरेको भुक्तानी रकम अनियमित भएको रु.

अनियमित भएको	१,९२,५००

५३ लाभग्राहीबाट हाते ट्र्याक्टर र स्पेयर खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक खरिदका विभिन्न विधिहरू उल्लेख रहेका छन। पालिकाले यो वर्ष निम्नानुसार भौचरबाट हाते ट्र्याक्टर ९ थान, स्पेयर ५० प्रतिशत र पानी ट्याङ्की ३४ थान ८५ प्रतिशतले हुने अनुदानमा कृषक समूहमार्फत कृषकलाई वितरण गर्न उक्त ऐन तथा नियमानुसार प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी कृषकलाई वितरण गरिनुको सट्टा स्यवं कृषक समूहले नै खरिद गरी हाते ट्र्याक्टरको लागि ९ जना कृषकलाई रु.३,०९,५००।-, ६५ जना कृषकलाई स्पेयर खरिद गर्न रु.१,३१,०००।- र ३४ जना कृषकलाई पानी टंयाङ्की खरिद गर्न रु.३,४६,३००।- समेत जम्मा रु.७,८६,८००।- अनुदान भुक्तानी

गरेको छ। यसप्रकार पालिका आफुले कानुनसम्मत खरिद नगरी कृषकहरू स्यवंले खरिद गर्दा खरिद कार्य टुक्रा हुन गएको र प्रतिस्पर्धा समेत न्युन तथा शून्य रहने हुँदा उक्त खरिद कार्य मितव्ययी हुन सकेको पाइदैन।त्यसैगरी पालिकाले गत विगत वर्षहरूमा समेत यसप्रकारका यन्त्र तथा उपकरण लगायतका सामग्रीहरू पालिका तथा सम्बन्धित वडा कार्यालयहरूबाट समेत अनुदानमा उपलब्ध गराउँदै आएको जनाइएकोमा सो को अभिलेख अद्यावधिक गरी राखेको नदेखिँदा उक्त अनुदानको प्रभावकारी रुपमा सदुपयोग भएको यकिन हुन सकेन। नियममा व्यवस्था भएबमोजिम खरिद कार्यलाई प्रतिस्पर्धी, मितव्ययी र पारदर्शी बनाइनुपर्दछ।

भौ.नं.। मिति	कार्यक्रम	विवरण	कृषक संख्या	परिमाण	अनुदान रकम	प्रतिशत
१४४।२०८२।३।१८	मकैबाली प्रवर्धन कार्यक्रम	स्पेयर	३०	३०	७५०००	५०
		स्पेयर	२	२	५०००	५०
		हाते ट्याक्टर ७HP डिजेल	४	४	१३००००	५०
		हाते ट्याक्टर ९HP डिजेल	१	१	४१०००	५०
१६०।२०८२।३।२०	नयाँ सुन्तलाजात पकेट	स्पेयर म्यानुअल	१२	१२	३००००	५०
		हाते ट्याक्टर ७HP डिजेल	२	२	६५०००	५०
		हाते ट्याक्टर ९HP डिजेल	१	१	४१०००	५०
		पानी ड्रम १००० लिटर	१३	१३	१३२०००	८५
		स्पेयर म्यानुअल	२१	२१	२१०००	५०
		हाते ट्याक्टर ७HP डिजेल	१	१	३२५००	५०
		पानी ड्रम १००० लिटर	२१	२१	२१४३००	८५
		जम्मा	१०८	१०८	७८६८००	

५४ **सहायक प्रशिक्षक भत्ता**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१२,४९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५५ **पदाधिकारी अनुगमन भत्ता**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५६ **लघुउद्यम कार्यक्रम**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुँदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा

यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष अचार बनाउने, होजियारी सम्बन्धी तालिम, सिलाई कटाई, बुटिक व्यवसाय लगायतका तालिम २ परामर्शदाताबाट सञ्चालन गरी रु.६,१३,५५६।- भुक्तानी गरेकोमा उल्लेखित तालिमबाट उत्पादित सामग्रीहरुको बिक्री तथा जिन्सी दाखिला सम्बन्धमा कुनै पनि अभिलेख राखेको छैन। यसबाट एकातिर गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को पालना भएको छैन भने अर्कोतिर यसरी सञ्चालन भएका तालिमहरु व्यवसायिक उद्यमशीलता विकासमा प्रभावकारी नहुने भएकोले निर्देशिकाको पूर्ण पालना गरेर कार्यक्रम सञ्चालन गर्नुगराउनुपर्दछ।

५७ **नर्म्सभन्दा बढी दरमा भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,२३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,९९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३२,३८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५८ **प्रतिवेदन भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५९ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष सुचिकृत बेरोजगार २७१ जना मध्ये ६३ जनालाई रोजगारी उपलव्ध गराई ४२ योजनामा जम्मा विनियोजित रकम रु.३३ लाख ५० हजार मध्ये रु.३२ लाख ४० हजार २ सय २० रुपैया खर्च गरेको छ। लक्षित वर्गलाई औसत

७७ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च भएको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन यसलाई सुधार गर्नुपर्ने देखिन्छ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : घिरिङ गाउँपालिका, तनहुँ , घिरिङ गाउँपालिका , तनहुँ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Krishna Prasad Dhakal	२०८०-११-२९	हाल सम्म कार्यरत
लेखा प्रमुख	Abinash Dhakal	२०७९-७-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१६९,०७५	४,२३८,१२१	४,६११,०८९	०	०	६००,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					९,६१८,२८५
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					४८३,३८६
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					९,१३४,८९९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२७०१५३८५.९५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२६७८१०९८८.६	चालु खर्च	२४२६६००९९.२
प्रदेश सरकारबाट अनुदान	२०५०००००	पूँजीगत खर्च	१०१६३७००७
राजश्व बाँडफाँट	८२७७२४६७.६	वित्तीय/अन्य व्यवस्था	१२१८९२१००.८१
आन्तरिक आय	४३५८४५६.५१		
अन्य आय	१०२७६२७०८.४८		
कुल आय	४७८२०४६२१.१९	कुल खर्च	४६६१८९२०७.०१
बाँकी मौज्दात		३९०३०८००.१३	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.व.को कारोबार			गत आ.व. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		८,४२,०३,९९७.४५	०.००	८,४२,०३,९९७.४५	७,६५,२५,४३२.४७	०.००	७,६५,२५,४३२.४७
१३०००	अनुदान		२७,०६,०७,९२४.३३	०.००	२७,०६,०७,९२४.३३	२५,९८,३८,७२०.४४	०.००	२५,९८,३८,७२०.४४
१४०००	अन्य राजस्व		२९,८१,६७७.०९	०.००	२९,८१,६७७.०९	४३,३३,६९९.५६	०.००	४३,३३,६९९.५६
१५०००	विविध प्राप्ति		९,९००.००	०.००	९,९००.००	३,२००.००	०.००	३,२००.००
क	कुल जम्मा प्राप्ति		३५,७८,०३,४९८.८७		३५,७८,०३,४९८.८७	३४,०७,०१,०५२.४७		३४,०७,०१,०५२.४७
३	चालु		२४,२६,६१,६११.२४	०.००	२४,२६,६१,६११.२४	२४,२४,९६,८६६.१६	०.००	२४,२४,९६,८६६.१६
२१०००	पारिश्रमिक / सुविधा		१५,४५,८१,१५०.०८	०.००	१५,४५,८१,१५०.०८	१५,८४,७६,८३१.१४	०.००	१५,८४,७६,८३१.१४
२२०००	मालसामान तथा सेवाको उपयोग		८,२५,८९,८७०.१६	०.००	८,२५,८९,८७०.१६	७,६३,५६,७६८.५२	०.००	७,६३,५६,७६८.५२
२५०००	सहायता (Subsidy)		२०,८५,४३५.००	०.००	२०,८५,४३५.००	३८,६०,३७०.५०	०.००	३८,६०,३७०.५०
२६०००	अनुदान		०.००	०.००	०.००	१९,५५,४०६.००	०.००	१९,५५,४०६.००
२७०००	सामाजिक सुरक्षा		२७,१०,६०३.००	०.००	२७,१०,६०३.००	१२,९२,४९०.००	०.००	१२,९२,४९०.००
२८०००	अन्य खर्च		६,९४,५५३.००	०.००	६,९४,५५३.००	५,५५,०००.००	०.००	५,५५,०००.००
४	पूंजीगत		१०,११,३७,००७.००	०.००	१०,११,३७,००७.००	१२,१०,२५,६४२.१५	०.००	१२,१०,२५,६४२.१५
३१११०	भवन तथा संरचना		६४,५२,१६१.००	०.००	६४,५२,१६१.००	३,०२,५६,१८३.७०	०.००	३,०२,५६,१८३.७०
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		६९,३३,९१९.००	०.००	६९,३३,९१९.००	४१,१३,७९९.००	०.००	४१,१३,७९९.००
३११३०	अन्य पूँजीगत खर्च		३२,०५,६९३.००	०.००	३२,०५,६९३.००	१६,९७,६००.००	०.००	१६,९७,६००.००
३११५०	सार्वजनिक निर्माण		८,४३,२५,९९६.००	०.००	८,४३,२५,९९६.००	७,९३,५३,८०९.४५	०.००	७,९३,५३,८०९.४५
३११६०	निर्मितसरचनाको सुधार खर्च		२,१९,२३८.००	०.००	२,१९,२३८.००	५६,०४,२५०.००	०.००	५६,०४,२५०.००
ख)	कुल जम्मा भुक्तानी		३४,३७,९८,६१८.२४		३४,३७,९८,६१८.२४	३६,३५,२२,५०८.३१		३६,३५,२२,५०८.३१
ग)	बचत / कमी (ग = क-ख)		१,४०,०४,८८०.६३		१,४०,०४,८८०.६३	(२,२८,२१,४५५.८४)		(२,२८,२१,४५५.८४)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)		(३०,२०,०३०.९९)		(३०,२०,०३०.९९)	८१,८०,७०७.४७		८१,८०,७०७.४७
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी		२०,१८७.००		२०,१८७.००			
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)		१,०९,८४,८४९.६४		१,०९,८४,८४९.६४	(१,४६,४०,७४८.३७)		(१,४६,४०,७४८.३७)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२,९४,४१,१५३.९४		२,९४,४१,१५३.९४	४,४०,८१,९०२.३१		४,४०,८१,९०२.३१
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		४,०४,२६,००३.५८		४,०४,२६,००३.५८	२,९४,४१,१५३.९४		२,९४,४१,१५३.९४

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।